**मिति २०७३।०३।०१ गतेको न.पा. बोर्ड बैठक**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | - | ब.ई., सि.न.पा. |
| श्री विवेक कुमार खनाल | - | ब.अ., सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | - | ब.अ., सि.न.पा. |
| श्री यमलाल पाण्डे | - | ब.ई, सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | - | शाखा अधिकृत, सि.न.पा. |
| श्री प्रभात ज्ञवाली | - | कम्प्युटर अधिकृत, सि.न.पा. |
| श्री योगराज पन्थी | - | ना.सु.का.वा.अध्यक्ष, कर्मचारी एशोसिएसन |

**निर्णय नं. १**

सिद्धार्थनगर नगरपालिकाले निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रम**

मिति : २०७३।०३।१७ गते शुक्रवार
समय : दिनको १.०० बजे
स्थान : दुर्गा मन्दिर अन्नपुर्णटोल

**मिति २०७३।०३।०१४ गतेको न.पा. बोर्ड बैठक**

**निर्णय नं. १**

यस सिद्धार्थनगर नगरपालिका अन्तर्गत वडा नं. ७ र ९ मा सडक पिच तथा नाली निर्माण (NCB-7) , वडा नं १० र ११ नाला तथा सडक निर्माण (NCB-8), वडा नं १,३,१३ मा नाला तथा सडक पिच -(NCB-5), वडा नं. ८ मा नाला तथा सडक पिच निर्माण (NCB-6) कार्य सम्पन्न भई जाँचपास तथा परफारक भएको हुंदा तपसिल बमोजिम अन्तिम किस्ता निकासाको लागि संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो

| क. सं. | योजनाको नाम | ठेक्का स्वीकृत रकम मु.अ.कर/कन्टीन्जेन्सी समेत) | कार्य सम्पन्न अनुसारको अन्तिम बिल रकम मु.अ.कर/कन्टीन्जेन्सी समेत) | न.पा.ले व्यहोर्ने मु.अ.कर/कन्टीन्जेन्सी समेत) | ज्गेडा कोषवाट व्यहोर्ने (मु.अ.कर/कन्टीन्जेन्सी समेत) | अन्तिम किस्ता रकम ( मु.अ.कर/कन्टीन्जेन्सी समेत) |
|---|---|---|---|---|---|---|
| १ | नाला तथा सडक निर्माण कार्य सि.न.पा. १० र ११ | ४०,५६,५९१।१४ | ४०,१२,७१२।१८ | २०,०६,३५६।०९ | २०,०६,३५६।०९ | **६,३२,३५६।०९** |
| २ | नाला तथा सडक निर्माण कार्य सि.न.पा. १,३,१३ बुद्धपथ | ८२,१३,७२३।७६ | ८१,९४,३३७।४२ | ३२,७७,७३४।९४ | ४९,१६,६०२।४६ | **१५,४८,६०२।४६** |
| ३ | नाला तथा सडक निर्माण कार्य सि.न.पा. ७ र ९ | ४४,८०,४१०।७९ | ४४,४६,५२२।७७ | १७,७८,६०९।११ | २६,६७,९१३।६७ | **८,४०,९१३।६७** |
| ४ | नाला तथा सडक निर्माण कार्य सि.न.पा. ८ | ७९,६१,०१०।३६ | ७९,३७,३२३।७८ | ३१,७४,९२९।५१ | ४७,६२,३९४।२६ | **१५,००,३९४।२६** |

**निर्णय नं. २ (दुई)**

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७३।०७४ को लागी न.पा.को उन्नाइसौं नगरपरिषद द्धारा स्वीकृत योजनाहरुको वार्षिक कार्य तालिका (कार्य योजना) स्वीकृत गरी सोही कार्य तालिका अनुसार योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ (तिन)**

सिद्धार्थनगर नगरपालिकाको आ.व. २०७३।०७४ को लागी न.पा. को अन्नाइसौं नगरपरिषद द्धारा स्वीकृत योजनाहरुको वार्षिक खरिद योजना स्वीकृत गरी सोही खरिद योजना अनुसार योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ (चार)**

सिद्धार्थनगर नगरपालिकामा गठित सुपरिवेक्षण तथा अनुगमन समितिको वैठकवाट विभिन्न वडाहरुमा संचालन भएका योजनाहरु अनुगमन गर्दा देखिएका विषय वस्तुहरुलाई समेटेर दिनु भएको सुझावहरुलाई नगरपालिकाका ईन्जिनियर मुधु गौतमले मिति २०७३।२।९ गते सव ईन्जिनियर मान प्रसाद श्रेष्ठले मिति २०७३।२।९ गते र सव. ओ.सी. कपिल न्यापानेले २०७३।२।७ गतेमा नगरपालिका समक्ष पेश गरेको प्रतिवेदन न.पा. वोर्ड बैठकमा प्रस्तुत भई जानकारी भयो । सुपरिवेक्षण तथा अनुगमन समितिका पदाधिकारीहरुले योजना अनुगमन गर्दा दिएका सुझावहरुलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**मिति २०७३।०३।३१ गतेको न.पा. बोर्ड बैठक**

**निर्णय नं. १**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा गठित जांचपांस समितिको मिति २०७२।४।२१, २०७२।६।१९, २०७२।८।११, २०७३।१।२२, २०७३।२।१४, २०७३।२।२७, २०७३।३।१४ २०७३।३।२३ र २०७३।३।३० को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

सिद्धार्थनगर नगरपालिकाले तेस्रो चौमासिकमा पर्ने गरि मिति २०७३।३।१७ गते आयोजना गरेको सार्वजनिक सुनुवाईको प्रतिवेदन मिति २०७३।३।१९ मा प्राप्त भई आजको बोर्ड बैठकमा प्रस्तुत भयो । उक्त सार्वजनिक सुनुवाईमा प्राप्त भएको सुझावहरुलाई क्रमश: कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।